# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, जेठ १६ गते २०३६ साल [ अतिरिक्ताङ्क १५ (ख)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री कीर्तिनिधि विष्टले आफ्नो पदबाट २०३६ साल जेष्ठ १० गते चढाउनु भएको राजीनामा मौसूफबाट नेपालको संविधान बमोजिम स्वीकृत गरिबक्सी मौजूदा मन्त्रिपरिषद् विघटन गरिबक्सेको छ ।

साथै, मौसूफबाट राष्ट्रिय पञ्चायतकै सिफारिशमा प्रधानमन्त्रीको नियुक्ति गर्ने मनसुवा राखिबक्सी सो अनुसारको सन्देश नेपालको संविधानबमोजिम राष्ट्रिय पञ्चायतलाई पठाइबक्सेकोमा राष्ट्रिय पञ्चायतले श्री सूर्यबहादुर थापाको नाम निर्विरोध सिफारिश गरी पठाएको व्यहोरा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट श्री सूर्यबहादुर थापालाई नेपालको संविधानबमोजिम प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।